मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर १२ गते सोमबार (Monday, November 28. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## मन्त्रीलाई पराजित गर्ने स्वतन्त्र पार्टीका उम्मेदवार

**झापा, मंसीर ११।** मतदाताको मन कुनबेला बदलिन्छ र त्यसले राजनीतिमा कस्तो फेरबदल ल्याइदिन्छ भन्ने कुरा मतगणना भएपछि मात्रै थाहा हुन्छ। निर्वाचन अघि सामान्य झलक नदेखिए पनि मतगणनापछि भने नसोचेको परिणाम हात लागेको छ।

राजनीतिक दल र तिनका नेताहरुले आफ्नो ठानेका क्षेत्रमा पनि यसपटकको निर्वाचनको परिणाम फरक देखियो। यसकारण मतदाताको स्वभाव र चाहनाको

*(बाँकी अन्तिम पृष्ठमा)*

# दोहोर्‍याउँदा १५ जनाले हारे



**झापा, मंसीर ११।** १ नम्वर प्रदेशसभा सदस्यमा १३ जनाले पुनः प्रतिनिधित्व गर्ने भएका छन् भने १५ जना बाहिरिएका छन्।

मंसीर ४मा सम्पन्न मतगणनाको पछिल्लो प्राप्त नतिजा अनुसार प्रदेशसभा सदस्यमा १३ जना पुनः निर्वाचित हुँदै कार्यकाल दोहोर्‍याउन लागेका हुन् भने १५ जनाको सांसद बन्ने सपना अधुरै रहेको छ।

प्रदेश १का ५६ वटा प्रदेश निर्वाचन क्षेत्रमध्ये ४७ वटाको अन्तिम मत परिणाम आइसकेको छ। अन्य ८ वटाको अन्तिम मतपरिणाम आउन बाँकी रहँदा एउटा निर्वाचन क्षेत्रमा भने मतगणना शुरु नै भएको छैन।

एमाले एक्लै २१ सिटमा विजयी भइसकेको छ भने अझै ३ वटामा अग्रता कायम राखेको छ। नेपाली कांग्रेस भने हालसम्म १३ वटामा विजयी हुँदा ४ वटामा मात्रै अग्रता लिएको छ। उता सत्ता गठबन्धनको अर्को घटक माओवादी केन्द्रले ९ वटामा विजय हासिल गरेको छ भने नेकपा एसले ३ वटामा जित हासिल गरेको छ। एमाले गठबन्धनमा रहेको राप्रपाले २ वटामा विजय हासिल गरेको छ।

हालसम्म अघिल्लो पटक प्रदेश १ सांसद बनेका १३ सांसदहरुले पुनः प्रदेशसभामा प्रवेश पाउने देखिएको छ। प्रदेशसभामा प्रवेश पाउने सांसदहरुमा सबैभन्दा धेरै एमालेका रहेका छन्। जसमा रामबहादुर राना,

### प्रदेश नं. १ : प्रदेशसभा सदस्य निर्वाचन

इलाम २ (२), हिक्मतकुमार कार्की, झापा ५ (१), एकराज कार्की, झापा २ (१), इन्द्रमणि पराजुली, धनकुटा २, लीलाबल्लभ अधिकारी, मोरङ २ (२), निरन राई, धनकुटा १ र बुद्धिकुमार राजभण्डारी, सोलुखुम्बू २ रहेका छन्। इलामका राना यसअघि इलामको २ (१)बाट विजयी भएका थिए। यसपटक भने उनले निर्वाचन क्षेत्र परिवर्तन गरी २ (२)बाट विजयी बनेका हुन्। अन्य सांसदहरुले अघिल्लै निर्वाचन क्षेत्रबाट चुनाव जितेका हुन्।

यस्तै नेपाली कांग्रेसबाट प्रदेश १ संसदको यात्रा तय गर्न लागेका नेता हुन् हिमाल कार्की। कार्कीले उदयपुर १ (२) बाट मतगणनामा अग्रता कायम गरेका छन्। उनी निर्वाचित हुने निश्चित प्रायः छ।

यस्तै माओवादी केन्द्रबाट दोहोर्‍याउनेहरुमा इन्द्रबहादुर आङ्बो, पाँचथर २ र नारायण बहादुर मगर, उदयपुर २ (१) रहेका छन्। उनीहरुले पनि आफ्नो पुरानै क्षेत्रबाट विजय सुनिश्चित गरेका हुन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

## निवर्तमान ६० सांसद पराजित

**झापा, मंसीर ११।** अघिल्लो प्रतिनिधिसभामा रहेका ६० भन्दाबढी सांसद प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित भएका छन्।

संसदीय राजनीतिमा लामो अनुभव रहे तापनि निर्वाचन परिणामले पार्टीको माथिल्लो तहको जिम्मेवारीमै रहेका मुख्य नेतालाई सदनबाहिर रहन बाध्य तुल्याएको छ। संसद्मा यसपटक प्रवेश गर्न नपाउनेमा कतिपय पार्टीका अध्यक्ष, उपाध्यक्ष, महासचिव तथा प्रदेशका पूर्वमुख्यमन्त्री समेत छन्।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो, नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल र उपमहासचिव प्रदीपकुमार ज्ञवाली निर्वाचनमा पराजित भए।

नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवद्वय गिरिराजमणि पोखरेल र पम्फा भुसाल तथा पूर्वमुख्यमन्त्री शेरधन राईलाई प्रतिनिधिसभाको यस निर्वाचन अफापसिद्ध रह्यो।

नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का कार्यकारिणी समिति सदस्य अनिलकुमार झा तथा गृहमन्त्री बालकृष्ण खाण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री र युवा तथा

*(बाँकी अन्तिम पृष्ठमा)*

## सुवास नेम्वाङको संसदीय यात्रा



**काठमाडौँ, मंसीर ११।** नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ इलाम क्षेत्र नं २ बाट विजयी भएका छन्। जिल्ला निर्वाचन कार्यालयका अनुसार नेता नेम्वाङ ३० हजार २० मत ल्याएर विजयी भएका हुन्। उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका डम्बरबहादुर खड्काले २९ हजार नौ सय ५ मत प्राप्त गरेका थिए।

नेम्वाङ विस २०६३मा पुनःस्थापित प्रतिनिधिसभाको सभामुख, २०६४ सालमा व्यवस्थापिका संसदको सभामुख, २०६५ र २०७० सालमा संविधानसभा अध्यक्ष/सभामुख र २०७२ सालमा सभामुख भएका थिए। वि.सं. २०४८ देखि २०५२ सालसम्म राष्ट्रियसभा सदस्य बनेका उनी त्यस लगत्तै पुनः राष्ट्रियसभा सदस्य भए। प्रतिनिधिसभा निर्वाचन २०६५मा इलाम २ बाट निर्वाचित उनी संविधानसभा निर्वाचन २०६४ र २०७० मा इलाम २ बाट निर्वाचित भएका थिए। प्रतिनिधिसभा निर्वाचन २०७४मा इलाम २ बाट निर्वाचित नेम्वाङ कानून समिति सदस्य, संसदीय दलको उपनेता र २०५६ सालमा सार्वजनिक लेखा समिति सभापति भएका थिए।

विसं २०५१मा न्याय कानून तथा संसदीय राज्यमन्त्री हुँदै मन्त्री भएका उनी सामान्य प्रशासनमन्त्री र स्थानीय विकासमन्त्री पनि भए। राजनीतिमा प्रवेश गर्नुअघि नेपाल ल क्याम्पसमा प्राध्यापन र कानून व्यवसायी (वरिष्ठ अधिवक्ता) रहेका उनी पञ्चायती निरङ्कुशता विरुद्धको राजनीतिक आन्दोलनका क्रममा पटक-पटक सार्वजनिक सुरक्षा अन्तर्गत नजरबन्द परेका थिए। प्रधानमन्त्री तुलसी गिरीको पालामा चलाइएको राजकाज मुद्दामा उनी सात महिना जेल परेका थिए।

इलाम नगरपालिका-७ सुन्तलाबारीमा वि.सं. २००९ फागुन २८ गते जन्मिएका नेम्वाङले अनेरास्ववियुबाट राजनीतिमा प्रवेश हुन्। उनी एमालेको केन्द्रीय न्यायिक समिति सदस्य हुँदै नेकपा स्थायी कमिटी सदस्य २०७५ र २०४८ देखि लगातार सांसद थिए। उनी प्राध्यापक संघ तथा नेपाल बार एशोसिएशनको महासचिव पनि हुन्। राज्यबाट उनलाई संविधानसभा पदक, राष्ट्र गौरव पदक प्राप्त छ। गणेशमानसिंह प्रतिष्ठानले उनलाई गणेशमानसिंह जनआन्दोलन स्वर्ण पदक प्रदान गरेको छ।

## विजय र्‍यालीबाट फर्कंदै गर्दा मृत्यु

**झापा, मंसीर ११।** बिजय र्‍यालीबाट फर्कने क्रममा तेह्रथुममा भएको मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ।

फेदाप गाउँपालिका-२, ओयाक्जुङका ४२ वर्षीय चन्द्रबहादुर लिम्बूको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमका प्रवक्ता छिपिञ्जो भोटेले बताए। सदरमुकाम म्याङ्लुङबाट ओयाक्जुङ फर्किने क्रममा को.२१प ४२२८ नम्बरको मोटरसाइकल दुर्घटना भएको हो। मृतक लिम्बू नेपाली कांग्रेसका कार्यकर्ता हुन्। म्याङ्लुङस्थित दशगते पार्कमा मोटरसाइकल अनियन्त्रित भई सडकको पिलरमा ठोक्किएपछि घाइते भएका लिम्बूको उपचारका लागि धरान लाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

यता झापामा धान बोकेको ट्र्याक्टर पल्टिँदा बिर्तामोड-९मा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा बिर्तामोड-९ कञ्चन टोलका अन्दाजी ७२ वर्षीय बुद्धराज श्रेष्ठ रहेका छन्। साँझ ६.३० बजेतिर थ्रेसर गरेको धान बोकेर आउँदै गरेको प्र१-०१-००१त ८४८९ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई पल्टिँदा ट्र्याक्टरमा सवार धानधनी श्रेष्ठको मृत्यु भएको हो।

## मोरङ-१मा कांग्रेसका लिम्बू विजयी



**उर्लाबारी, मंसीर ११।** मोरङ निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका डिगबहादुर लिम्बू निर्वाचित भएका छन्।

निर्वाचन कार्यालयका अनुसार लिम्बूले २७ हजार २९७ मत प्राप्त गरे। उनका प्रतिस्पर्धी नेकपा (एमाले)का घनश्याम खतिवडाले २६ हजार ८६७ मत प्राप्त गरे। यसअघि २०७४ सालको निर्वाचनमा खतिवडाले लिम्बूलाई पराजित गरेका थिए।

यस निर्वाचन क्षेत्र अन्तर्गत प्रदेशसभा १मा एमालेका उमाकान्त गौतम विजयी भएका छन्। उनले १३ हजार ५३१ मत प्राप्त गरे भने वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का कुशल साम्वाले १० हजार ४ मत प्राप्त गरे।

यस्तै प्रदेशसभा २ मा एमालेका खड्गबहादुर बस्नेत विजयी भएका छन्। उनले १४ हजार ५३९ मत प्राप्त गरे भने उनका प्रतिस्पर्धी माओवादी केन्द्रका उपेन्द्रप्रसाद घिमिरेले १३ हजार ८ सय ६३ मत प्राप्त गरे।

## झापामा १ सय ५६ जनाको जमानत जफत

**लक्ष्मी उप्रेती**

**मेचीनगर, मंसीर ११।** ४ मंसीरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको प्रत्यक्षतर्फ झापामा १ सय ५६ जनाले धरौटी बचाउन सकेनन्। १ सय ५६ जना उम्मेदवारले धरौटी बचाउन नसक्दा १५ लाख ६० हजार रुपैयाँ राज्यलाई राजश्व जम्मा भएको छ।

जिल्ला निर्वाचन कार्यालय झापाका निर्वाचन अधिकारी तुलसीप्रसाद नेपालका अनुसार पहिलो हुने निर्वाचित निर्वाचन प्रणाली अन्तर्गत निर्वाचनमा जम्मा सदर मतको १० प्रतिशत कम सदर मत पाउने उम्मेदवारले उम्मेदवारी दिंदा सम्बन्धित निर्वाचन कार्यालयमा बुझाएको धरौटी वापतको रकम जफत हुने कानूनी व्यवस्था छ। झापामा ४ लाख ४७ हजार १ सय ५७ वा ६५ दशमलव ९१ प्रतिशत मत खसेको थियो। ३ लाख ३१ हजार ४४ जना पुरुष ३ लाख ३२ हजार २ सय ५९ महिला तथा ८ अन्य गरी कूल ६ लाख ६३ हजार ३ सय ११ जना मतदाता थिए। सदर मतसंख्या निर्वाचन कार्यालय झापाले यकिन गरिरहेको बताएको छ।

उनका अनुसार उम्मेदवारका लागि दश हजार रुपैयाँ धरौटी राख्नुपर्ने नियम रहेको छ। निर्वाचन कार्यालय झापाले दिएको जानकारी अनुसार विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी मंसीर ४ गते भएको निर्वाचनमा झापाबाट प्रतिनिधिसभा सदस्यका ५ वटा क्षेत्र र प्रदेशसभा सदस्यका १० वटा क्षेत्रका लागि प्रतिनिधिसभा सदस्यमा ८ महिलासहित १ सय १ र प्रदेशसभा सदस्यका लागि १० महिलासहित १ सय ६ जनाले मनोनयन दर्ता गराएका थिए। तीमध्ये प्रतिनिधिसभाका लागि ९४ र प्रदेशसभाका लागि ९८ गरी कूल १ सय ९२ जना चुनावी प्रतिस्पर्धामा थिए। बाँकीले आफ्नो उम्मेदवारी फिर्ता लिएका थिए।

प्रतिनिधिसभातर्फ ७९ र प्रदेशसभातर्फ ७७ गरी कूल १ सय ५६ जनाले धरौटी बचाउन नसकेका हुन्। प्रतिनिधिसभा सदस्यतर्फ सबैभन्दा बढी निर्वाचन क्षेत्र नम्बर ५मा २२ जना छन् भने सवै भन्दा कम निर्वाचन क्षेत्र नम्बर १मा १२ जनाले धरौटी रकम बचाउन सकेनन्। यसैगरी, निर्वाचन क्षेत्र नम्बर २ मा १४, निर्वाचन क्षेत्र नम्बर ३मा १६, निर्वाचन क्षेत्र नम्बर ४मा २२ जना उम्मेदवारको धरौटी जफत भयो। प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, स्वतन्त्र, राष्ट्रिय जनमुक्ति पार्टी, हाम्रो नेपाली पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी नेपाल, नेपाल जनता पार्टी, मंगोल नेशनल अर्गानाईजेशनले उम्मेदवारी दिएको निर्वाचन कार्यालय झापाले जनाएको छ।

यसैगरी प्रदेशसभा सदस्यतर्फ निर्वाचन क्षेत्रनम्बर ५को २ 'ख' मा सबैभन्दा बढी १० र कम निर्वाचन क्षेत्र नम्बर र १ 'क' मा ४ जनाले धरौटी बचाएनन्। निर्वाचन क्षेत्रनम्बर १ को प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ 'ख' मा ८, निर्वाचन क्षेत्र नम्बर २को १ 'क' र २ 'ख' मा क्रमशः ८/८, निर्वाचन क्षेत्र नम्बर ३को १ 'क' मा ६ र २ 'ख' मा ९, निर्वाचन क्षेत्र नम्बर ४ को १ 'क' ८ र २ 'ख' मा ९, निर्वाचन क्षेत्रनम्बर ५ को १ 'क' मा ८ जनाको धरौटी सुरक्षित हुन सकेन।

*(बाँकी अन्तिम पृष्ठमा)*

## ब्राउन सुगरसहित चार युवक पक्राउ

**झापा, मंसीर ११।** झापामा प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित चार युवक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा मेचीनगर नगरपालिका-७ निवासी २४ वर्षीय मीनबहादुर उप्रेती, सोही ठाउँका २४ वर्षीय अमृत सुन्दास, मेचीनगर-८ निवासी २० वर्षीय सुसन

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिक्रीमा**

मनमोहन हस्पिटलको डायलासिस सेन्टरको चलिरहेको क्यान्टिङ तु- विक्रीमा छ।

मो. ९८२७३३१६३३, ९८१५९२६३७२

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।*

Youtube Channel : Nishat M jotic kendra

# आर्थिक मन्दीले श्रमिक बजार मारमा

**विर्तामोड, मंसीर ११।** बढ्दो आर्थिक मन्दीको मारमा मुलुकको श्रमिक बजार परेको सरोकारवालाको निश्कर्ष छ। आर्थिक मन्दीको मारमा उद्योग, व्यवसाय राम्ररी चल्न नसक्दा ठूलो संख्यामा श्रमिकहरुको रोजगारी खतरामा परेको आइतबार विर्तामोडमा सम्पन्न एक कार्यक्रमका सहभागीले बताएका हुन्।

संवाद समूह झापाको संयोजनमा युनिकम नेपालले आयोजना गरेको छलफल कार्यक्रमका सहभागीले मुलुकमा उद्योग, व्यवसाय सञ्चालन गर्ने वातावरण बनाउने नीति अब बन्ने सरकारले लिनुपर्नेमा जोड दिए। उद्योग वाणिज्य महासंघ प्रदेश १का अध्यक्ष टीकाराज ढकालले सरकारले चाँडै बैंकको कर्जाबारे उद्योगी, व्यवसायीलाई सहज हुने नीति ल्याउन माग गरे।

उनले उद्योग व्यवसाय नै धरापमा परे त्यसमा आश्रित ठूलो संख्याका श्रमिक कामविहीन हुन सक्ने बताए। अध्यक्ष ढकालले वर्तमानको समस्या समाधानका लागि उद्योगी, व्यवसायीसँगै श्रमिकले पनि सरकारलाई दवाव दिनुपर्ने धारणा राखे।

महासंघ प्रदेश १का सदस्य विनोद बस्नेतले श्रमिकको अधिकारको मात्र कुरा गर्दा उद्योगी व्यवसायीको पनि समस्याबारे जानकारी राख्न जरुरी रहेको बताए। उनले मुलुक आर्थिक मन्दीको अवस्थाबाट गुज्रिरहेको अवस्थामा श्रमिकको रोजगारी कसरी बचाउन सकिन्छ भन्ने बारे पनि बहस र छलफल हुन जरुरी रहेको बताए।

महासंघ प्रदेश सदस्य प्रशान्त भण्डारीले रोजगारदाता र श्रमिकबीचको समस्या समाधानमा युनिकम नेपालले खेलेको भूमिकाको प्रशंसा गरे। उनले युनिकम नेपालको समन्वयमा झापाका विभिन्न स्थानमा रोजगारदाता र श्रमिकवीच उत्पन्न समस्याहरु सहज रुपमा समाधान भएको जानकारी गराए। युएनआई ग्लोबल युनियनका कार्यक्रम संयोजक तिलकजंग खड्काले विश्वबजारमा जस्तो रोजगारदाता र श्रमिकबीचको सम्बन्ध सँधै सुमधुर हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा रोजगारदाता र श्रमिकको सम्बन्ध बढाउने गरी नियमित संवादका कार्यक्रमहरु आवश्यक रहेको युनिकम नेपालका अध्यक्ष गजेन्द्रबहादुर पौडेलले बताए। उनले प्रदेश १का रोजगारदाता र श्रमिकबीच आगामी दिनमा कुनै बाधा अवरोध बिना समस्या समाधानका लागि चाँडै प्रदेशस्तरीय सामाजिक संवाद कार्यक्रम गर्न लागेको जानकारी दिए।

## मन्त्रीलाई ...

ख्याल गर्ने उम्मेदवार सफल भए भने निर्वाचनलाई परम्परागत रुपमा लिएका उम्मेदवार पराजित भएका छन्।

प्रतिनिधिसभा र प्रदेशसभाको यसपटकको निर्वाचनमार्फत उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी प्रत्यक्षतर्फ सात स्थानमा बिजयी भएको छ। लामो समयदेखि नेपाली राजनीतिमा स्थापित कतिपय व्यक्तिलाई सो पार्टीका उम्मेदवारले पराजित गरेका छन्। यस्तो मेसोमा कतिपय बहालवाला मन्त्री पनि परेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारसँग पराजित हुनेमा ललितपुर क्षेत्र नं. ३बाट ऊर्जा, जलस्रोत तथा सिञ्चाइमन्त्री पम्फा भुसाल, काठमाडौं क्षेत्र नं. ८मा उम्मेदवार रहेका संस्कति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ र चितवन क्षेत्र नं. २ बाट राज्यमन्त्री उमेश श्रेष्ठ रहेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट काठमाडौं क्षेत्र नं ६ मा शिशिर खनाल १४ हजार दुई सय चार मतसहित निर्वाचित हुँदा नेकपा(एमाले)का उम्मेदवार सर्वेन्द्र खनालले आठ हजार नौ सय ११ मत प्राप्त गरे। सोही क्षेत्रका अर्का उम्मेदवार नेपाली कांग्रेसका भीमसेनदास प्रधानले आठ हजार आठ सय पाँच मत प्राप्त गरे।

राष्ट्रिय योजना आयोगको उपाध्यक्षबाट राजीनामा दिएर चुनावी मैदानमा गएका विश्वनाथ पौडेल र पूर्वअर्थमन्त्री एमाले उम्मेदवार सुरेन्द्र पाण्डे चितवनको क्षेत्र नं १ बाट स्वतन्त्र पार्टीका हरि ढकालसँग पराजित भए। काठमाडौं क्षेत्र नं. ७मा स्वतन्त्र पार्टीकै गणेश पराजुली आठ हजार सात सय ४३ मत प्राप्त गरी विजयी भए। यहाँ एमालेका श्यामकुमार घिमिरेले छ हजार आठ सय र माओवादी केन्द्रका मानुषी यमी भट्टराईले छ हजार ६३ मत प्राप्त गरे।

काठमाडौं क्षेत्र नं ८ मा स्वतन्त्र पार्टीका विराजभक्त श्रेष्ठसँग पर्यटनमन्त्री श्रेष्ठ पराजित भए। श्रेष्ठले १० हजार एक सय १२ मत प्राप्त गरी विजयी हुँदा स्थानीय तहको निर्वाचनका चर्चित उम्मेदवार हाम्रो नेपाली पार्टीका सुमन सायमीले छ हजार एक सय ७९ मत प्राप्त गरे। सो क्षेत्रमा एमालेका उम्मेदवार शिवसुन्दर राजवैद्यले तीन हजार आठ सय ९१ मत प्राप्त गरे। मन्त्री श्रेष्ठले चार हजार आठ सय ८१ मत प्राप्त गरे।

स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने ४९ हजार दुई सय ६४ मत ल्याई निर्वाचित हुँदा उनका प्रतिस्पर्धी, कांग्रेस उम्मेदवार राज्यमन्त्री श्रेष्ठले १४ हजार नौ सय ८३ मत र एमालेका कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४७ मत प्राप्त गरे।

स्वतन्त्र पार्टीकै सोविता गौतम काठमाडौं क्षेत्र नं २ बाट निर्वाचित भइन्। उनले १५ हजार दुई सय ३८ मत प्राप्त गर्दा एमालेका मणिराम फुँयालले ११ हजार पाँच सय ६६ मत, राप्रपाकी कुन्तीदेवी पोखरेलले ११ हजार २४ मत र माओवादीका उम्मेदवार ओनसरी घर्तीले नौ हजार चार सय ५९ मत प्राप्त गरे।

ललितपुर क्षेत्र नं ३ बाट सोही पार्टीकी तोसिमा कार्कीले ३१ हजार एक सय ३६ मत प्राप्त गरी बिजयी भइन्। सो क्षेत्रमा दोस्रो स्थानमा एमालेका अमृत खड्काले १२ हजार नौ सय ६३ मत र तेस्रो स्थानमा ऊर्जा, जलस्रोत तथा सिञ्चाइमन्त्री भुसालले आठ हजार सात सय ६९ मत प्राप्त गरे।

## झापामा ...

प्रदेशसभा सदस्यमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, मंगोल नेशनल अर्गानाइजेशन र मौलिक जरोकिलो पार्टी, राप्रपा नेपालले उम्मेदवारी दिएका थिए।

## ब्राउनसुगर ...

राजवंशी र बुद्धशान्ति गाउँपालिका-१ निवासी ३२ वर्षीय अर्जुन तामाङ रहेको प्रहरी कार्यालय झापाले जनाएको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा उनीहरूलाई मेचीनगर-७ बाट ४ ग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो।

## निवर्तमान ...

खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, विनाविभागीय राज्यमन्त्री उमेश श्रेष्ठ पनि निर्वाचनमा पराजित भए।

पूर्वसभामुख ओनसरी घर्ती, पूर्वउपसभामुख पुष्पा भुसाल गौतम तथा राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलका लागि पनि यसपटकको निर्वाचन फलदायी हुन सकेन। अघिल्लो प्रतिनिधिसभा सदस्य अञ्जना विशङ्खे, अभिषेकप्रताप शाह, कृष्णकुमार राई, कृष्णभक्त पोखरेल, गणेश ठगुन्ना, गौरीशङ्कर चौधरी, गङ्गा चौधरी (सत्गौवा), घनश्याम भुसाल, चक्रपाणी खनाल, चित्रलेखा यादव, झपटबहादुर रावललाई निर्वाचन परिणामले निरासा तुल्यायो।

निवर्तमान सांसद देवेन्द्रराज कँडेल नवराज सिलवाल, निरुदेवी पाल, प्रमोद साह, बृजेशकुमार गुप्ता, भरतकुमार शाह, भानुभक्त ढकाल, भीमसेनदास प्रधान, भूमिप्रसाद त्रिपाठी र महेश्वर बस्नेतका लागि निर्वाचन फलामको च्यूरा बन्यो।

अघिल्लो प्रतिनिधिसभामा रहनुभएका मातृकाप्रसाद यादव, मोहम्मद इस्तियाक राई, यज्ञराज सुनुवार, रघुवीर महासेठ, राजेन्द्रप्रसाद गौतम, राजेन्द्रप्रसाद श्रेष्ठ, रामकुमारी झाँक्री, रामवीर मानन्धरलाई पनि निर्वाचन कष्टप्रद रह्यो। जनता प्रगतिशील पार्टी नेपालका हृदयेश त्रिपाठीलाई पनि यस निर्वाचनले सदन प्रवेशमा धक्का लगायो।

पूर्वमन्त्री लक्ष्मणलाल कर्ण, लालबाबु पण्डित, सुजाता कोइराला, लेखराज भट्ट, विजयकुमार गच्छदार, बीना मगर, विरोध खतिवडा, सोमप्रसाद पाण्डेय, शेरबहादुर तामाङ तथा पूर्वसांसदहरू बिजय सुब्बा, विशाल भट्टराई सूर्यप्रसाद पाठक र कोमल वलीका लागि पनि यो निर्वाचन बाधक रहन पुग्यो।

यही मंसीर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ। प्रतिनिधिसभातर्फ हालसम्म एक सय ५६ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगका अनुसार हालसम्म कांग्रेसले ५३ स्थानमा जित निकाल्दै आफ्नो अग्रता कायमै राखेको छ।

एमाले ४१, माओवादी केन्द्र १७, एकीकृत समाजवादी १०, राष्ट्रिय स्वतन्त्र पार्टी सात, जसपा छ, स्वतन्त्र पाँच, लोसपा पाँच र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएको छ।

## दोहोर्‍याउँदा ...

यता, नेकपा एसका तथा तथा हालका मुख्यमन्त्री राजेन्द्रकुमार राई, भोजपुर १ बाट निर्वाचित भएका छन्। राई यसअघि पनि सोही निर्वाचन क्षेत्रबाट विजयी बनेका थिए। यता, इलाम १ (१)बाट निर्वाचित हुने अन्तिम चरणमा रहेकी प्रदेश १की पर्यटनमन्त्री खिनु लङ्वा लिम्बू पनि प्रदेश संसदमा दोहोरिने अर्की नेतृ बन्नेछिन्।

यता प्रदेश १ को मुख्यमन्त्रीकै चाहना राखेर प्रदेशसभामा आउन चाहने नेपाली कांग्रेसका नेता राजीव कोइराला यस पटक सुनसरी २ (२)बाट पराजित बने। उनी अघिल्लो संसदमा काँग्रेसबाट संसदीय दलका नेता थिए।

कोइराला मात्रै होइन मुख्यमन्त्रीको चाहना राख्ने एमाले नेता तथा प्रदेश १का पूर्वमन्त्री जीवन घिमिरे मोरङ ४ (२)बाट कांग्रेस नेता भीम पराजुलीसँग पराजित भए। निवर्तमान उपसभामुख सरस्वती पोखरेल सुनसरी ३ (१)बाट पराजित बनिन्। उनी अघिल्लोपटक माओवादी केन्द्रबाट समानुपातिक सांसद बनेकी थिइन्।

यस्तै अघिल्लो कार्यकालमा ओखलढुंगा १बाट संसदयात्रा तय गर्दै मन्त्री समेत बनेका एमाले नेता अम्बिरबाबु गुरुङ यसपटक पराजित बने। यस्तै एमालेबाटै सांसद बनेका उत्तमकुमार बस्नेत साविक निर्वाचन क्षेत्र सोलुखुम्बुको १ बाट पराजित बन्दा प्रदेश १ का यातायात तथा संचारमन्त्री समेत रहेका उपेन्द्र प्रसाद घिमिरे अघिल्लो निर्वाचन क्षेत्रबाट विजय भएपनि यसपटक सोही निर्वाचन क्षेत्रमा पराजित बने।

माओवादी नेता कुशल लिम्बूका लागि मोरङ १ (१) बाट पुनः दोहोर्‍याउने लक्ष्य पुरा हुन सकेन भने यसअघि समानुपातिक सांसद बनेकी माओवादी नेतृ कुशुमकुमारी श्रेष्ठका लागि धनकुटा २ बाट प्रत्यक्ष सांसद जित्ने योजना अधुरै रह्यो। हालका प्रदेश १का स्वास्थ्यमन्त्री जयराम यादव साविककै निर्वाचन क्षेत्र मोरङ ५ (२)बाट पराजित बनेसँगै उनको संसद यात्रा पनि रोकिएको छ। यस्तै प्रदेश १का कृषिमन्त्री झलकबहादुर मगरको संसद यात्रा ५ वर्षका लागि रोकिएको छ। उनी झापा ४ (१)बाट ०७४ सालमा बिजयी बन्दा यसपटक पराजित बने। एमाले नेता तेजमान कन्दङ्बा तेह्रथुम २, माओवादी नेता पूर्णप्रसाद राजवंशी झापा ३ (२), एमालेबाट बसन्तकुमार बानिया पनि झापा ३ (१) बाट पराजित बने।

अघिल्लो संसदमा एमालेबाट समानुपातिक सांसद बनेकी बसन्तीदेवी यादव यसपटक एमाले छोडेर मोरङ ५ (२)बाट प्रत्यक्षमा प्रतिस्पर्धा गरेपनि पराजित बनिन्। अघिल्लो कार्यकालमा समानुपातिक कोटाबाट सांसद बनेकी नेकपा एसकी नेतृ सरिता थापा पनि यसपटक संखुवासभा २ बाट पराजित बनिन्।

प्रदेश १ मा यसअघि प्रतिनिधित्व गर्ने ६५ जनामध्ये एमाले नेता जगदीशप्रसाद कुसियैत, भीम आचार्य, शेरधन राई तथा माओवादी नेता रामकुमार राई भने संघीय सांसदको प्रतिस्पर्धामा थिए।

एमाले नेताहरू कुसियैत सुनसरी ४, आचार्य सुनसरी २, राईले भोजपुरबाट प्रतिस्पर्धा गरेका छन्। उनीहरुमध्ये आचार्य र कुसियैतले अग्रता लिएपनि शेरधन राई पराजित बनेका छन् भने माओवादी नेता रामकुमार राई पनि खोटाङबाट प्रतिनिधिसभामा निर्वाचित भएका छन्। ०७४ सालमा प्रदेश १ प्रदेशसभामा आएका अन्य ६१ जना सांसदले भने संसदीय प्रतिस्पर्धामा भागै लिएनन्।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालीन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ त्यसैले,

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## फ्ल्याट भाडामा

बिर्तामोडस्थित कञ्चनजंघा हस्पिटल अगाडि रहेको घरको पहिलो तला र तेस्रो तला परिवार बस्नेको लागि उपयुक्त फ्ल्याट भाडामा छ।

**सम्पर्क: ९८०७९४७५४४**

## घर तु-विक्रीमा

बिर्तामोड वडा नं. ४ मुक्ति चौक छेउ हाइवे टचमा रहेको १० धुर जमिनमा बनेको ४ तले कमर्सियल भवन तु-विक्रीमा छ। साथै फाइनान्सको सुविधा समेत रहेको छ।

मो. ९८५२६७२५९६

## घर विक्रीमा

बिर्तामोड नपा-१ राजगढ स्टेण्ड उत्तर हाइवे टचमा रहेको १ कठ्ठा १३ धुर जगगामा बनेको ३ तले कमर्सियल भवन तु-विक्रीमा छ। साथै फाइनान्सको सुविधा समेत रहेको छ।

मो. ९८५२६७२५९६

## तु-विक्रीमा

बिर्तामोड-५ स्थित पुरानो पानीट्यांकी छेउमा रहेको चालू अवस्थाको होटल (धनकुटे खाजाघर) तु-विक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले चाँडै सम्पर्क गर्नुहोला।

**प्रो. निर्मल पौडेल - ९८१६९८२८३५**
**प्रो. शुभद्रा ढकाल: ९८१५००३७७४**

## सुवर्ण अवसर

तपाईको घर, अफिस र गोदाममा,

# Electrician # Plumbing
# Geyser, A.C, Freeze # Carpenter
# tiles marbel # CC camera
# computer printer आदिको

कुनै पनि सामान चाहिए वा समस्या भए तु-हामीलाई सम्झनुहोस्, हामी तु-समाधान गरिदिन्छौ। नयाँ गिरको बिक्रीसहित जडान पनि गरिन्छ।

Munna Group pvt.Ltd
Bibek limbu : 9801457750 I Puspa Bhandari 9801457751
Office: 9801450022


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय विर्तामोड, झापा, फोनः ०२३ - ५४५०३१/३२
को

## शाखा कार्यालय विर्तामोड, झापाको तपसिल उल्लेखित ऋणीहरूको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/०८/१२ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

### तपसिल

| १. ऋणीको विवरण | धितोमा रहेको सम्पतिको बिवरण |
| --- | --- |
| नाम : **कौशिला देवी साह**<br>पति : श्यामलाल शाहु तेली<br>ससुरा : भदैया साहु तेली<br>ठेगाना : पाँचगाछी - ४, झापा<br>ना.प्र.प.नं. : ०४३०३६/१६६, झापा<br> | **कौशिला देवि शाहको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १६६८ र १६७० को क्रमशः क्षेत्रफल ०-०-१७.७५-० र ०-०-६-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत। |

| व्यक्तिगत जमानतकर्ताहरू | | |
| --- | --- | --- |
| नाम : **श्यामलाल शाहु तेली**<br>बाबु : भदैया साहु तेली<br>बाजे : बुटन शाह<br>ठेगाना : पाँचगाछी - ४, झापा<br>ना.प्र.प.नं. : ६९७१५८४८, झापा<br> | नाम : **राज लाल साह**<br>बाबु : श्यामलाल साह तेली<br>बाजे : भदैया साहु तेली<br>ठेगाना : पाँचगाछी - ४, झापा<br>ना.प्र.प.नं. : ०४-०३-६९/६२<br> | नाम : **ज्योती कुमारी साह**<br>पति : राज लाल साह<br>ससुरा : श्यामलाल शाहु तेली<br>ठेगाना : विराटनगर - १५, मोरङ्<br>ना.प्र.प.नं. : ०५-०१-७६-०६८५३, मोरङ्<br> |

| २. ऋणीको विवरण | धितोमा रहेको सम्पतिको बिवरण |
| --- | --- |
| नाम : **कला देवी कार्की**<br>पति : कमल कुमार कार्की<br>ससुरा : महेश्वर बहादुर कार्की<br>ठेगाना : गोलधाप - ४, झापा<br>हाल बिर्तामोड -९ झापा<br>ना.प्र.प.नं. : ७६१५२४६०, झापा<br> | **विष्णु कुमारी कार्कीको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, गरामनी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ९१५ र ७०७ को क्रमशः क्षेत्रफल ०-२-१०-० र ०-१८-१०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत। |

| व्यक्तिगत जमानतकर्ताहरू | | |
| --- | --- | --- |
| नाम : **कमल कुमार कार्की**<br>बाबु : महेश्वर बहादुर कार्की<br>बाजे : पदम बहादुर कार्की<br>ठेगाना : आम्बुङ्ग - २, तेह्रथुम<br>हाल बिर्तामोड -९ झापा<br>ना.प्र.प.नं. : ३४६७३/८०५, तेह्रथुम<br> | नाम : **महेश्वर बहादुर कार्की**<br>बाबु : पदम बहादुर कार्की<br>बाजे : पदम सिंह कार्की<br>ठेगाना : आम्बुङ - २, तेह्रथुम<br>हाल बिर्तामोड -९ झापा<br>ना.प्र.प.नं. : १८०/२९२, तेह्रथुम<br> | नाम : **विष्णु कुमारी कार्की**<br>पति : महेशवर बहादुर कार्की<br>ससुरा : पदम बहादुर कार्की<br>ठेगाना : आम्बुङ - २, तेह्रथुम<br>हाल बिर्तामोड -९ झापा<br>ना.प्र.प.नं. : १८१९४५७, तेह्रथुम<br> |

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०७९/०८/१२ गते सोमवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०७९/०८/२६ गते सोमवार कार्यालय समय भित्र शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०७९/०८/२७ गते मंगलवार दिउँसो ४:०० बजे शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ।

**यो ३५ दिने सूचना मिति २०७९/०८/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिएको छ।**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# ठूलालाई साखको जोखिम

**लामो संघर्ष र अभ्यासबाट प्राप्त लोकतान्त्रिक गणतन्त्र नामको राजनीतिक प्रणाली अनुसार भएको पछिल्लो निर्वाचनले अस्थिर भविष्यको संकेत गरेको छ । उत्तम राजनीतिक व्यवस्था भन्दाभन्दै पनि राजनीतिक दलका नेतृत्वहरुको अक्षमता, अज्ञानता र अविवेकी निर्णयका कारण व्यवस्थामाथि नै सवाल खडा गरिदिएको छ । देशको अर्थव्यवस्था धराशायी बनेको छ, राजनीतिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक पहिचान ह्रासोन्मुख छ । राजनीतिक दलका नेताको व्यवहारबाट नेपाली मतदाता खासगरी शहरी क्षेत्रका र सचेत वर्ग वाक्क भइसकेका छन् । त्यसको सानो झिल्को देखियो देशको राजधानी काठमाडौं महानगरपालिकाको निर्वाचनमा । त्यस्तै दृष्य देखियो धरान उपमहानगरपालिकामा पनि । निर्वाचित नेतृत्वको प्रभाव विस्तार हुने डरले थर्कमान मूलधारका राजनीतिक दल र नेतृत्व अहिलेको मत परिणामले अबको पाँच वर्षमा बढारिने चिन्तामा छन् ।**

**स्थापनाको थोरै समयमै सात जना स्वतन्त्र दलबाट निर्वाचित भएका छन् । दलभित्रका अन्तरसंघर्षमा पाखा लगाइएकाहरु केहीले स्वतन्त्र उम्मेदवारका रुपमा प्रतिनिधिसभाको यात्रा तय गरेका छन् । राजनीतिक दलहरुले 'गढ' मान्दै आएका क्षेत्रहरुमा मतदाताले विकल्प खोजेर मतदान गरे । जसको परिणाम वहालवाला मन्त्रीहरु, ठूला दलका प्रभावशाली भनिएका नेताहरु नराम्ररी पराजीत हुन पुगे । ठूला दलको व्यवहार, देशको गिर्दो साख र अर्थतन्त्रका कारण विद्रोही बनिएका युवाहरुको उदयलाई अहिले पनि शीर्ष नेतृत्वले स्वीकार गर्न सकिरहेका छैनन् । दम्भ, अहंकार र कुण्ठाग्रस्त मानसिकता बोकेका केहीले भने परिणाम आफ्नो पक्षमा पारेका छन् । तर, तिनको मुटु अझै काम्न छाडेको छैन । वर्षौंवर्षदेखि योग्यता, क्षमता र कुशलताभन्दा चाकरी, चाप्लुसीमा दक्ष उनीहरुको गणेश प्रवृत्तिविरुद्ध उभिएका मतदाताहरु नै अब आशाका केन्द्रमा छन् ।**

**बहुदलीय राजनीतिक प्राणलीमा दलको विकल्प छैन । त्यसैले देशका विद्यमान समस्या, बेथिति, विकृति, विसंगतिको अन्त्य गर्न दलभित्रकै युवाशक्ति जाग्नु पर्दछ । आफ्नो दलभित्र सकारात्मक दवाव सृजना गर्न सक्ने त्यही युवा वर्गले मात्रै राजनीतिमा विकल्प दिन सक्छन् । राजनीतिक दलभित्र रहेको गुट परस्त र गणेश प्रवृत्तिका अभ्यासलाई बदल्न जरुरी छ । उम्मेदवारी नेतृत्वको गोजीबाट दिने प्रवृत्तिको परिणाम हो आजको अवस्था, त्यसैले सर्वप्रथम ठूला दलका नेतृत्वले आफूलाई परिस्कार, परिमार्जन र परिवर्तन गर्न आवश्यक छ । नेतृत्वको पुच्छर भएर राजनीतिको महायात्रा सजिलै तर्न सकिन्छ भन्ने मानसिकता त्यागेर मात्र अबको आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ । नत्र अहिले मुस्किलले जोगिएको 'ठूला भनिने'हरुको अहंकार आउँदो निर्वाचनमा पुग्दा तोडिने निश्चित छ ।**

# आम निर्वाचन २०७९ ले देखाएका केही संकेतहरू



**तीर्थराज खरेल**

नेपालको संविधान २०७२ जारी भएपछिको दोस्रो आमनिर्वाचनको मतदान सकिएर मतगणनाको काम अन्तिम चरणमा पुगेको छ। जनताको अभिमतद्वारा निर्मित संविधानसभाबाट संविधान बनेपछिको दोस्रो आमचुनाव गत मंसीर ४ गते सम्पन्न भयो। यतिबेला आम निर्वाचन-२०७९ को तीव्र विश्लेषण जारी छ। मतदाताको दल तथा दलका उम्मेदवारप्रतिको विश्वासमा आएको कमीकै कारण यसपटक ७० प्रतिशतभन्दा पनि कम मतदान भएको छ। जनताको यो निराशा यो व्यवस्थाप्रतिको चरम निराशाको संकेत हो। विश्वास भएमा चुनाव चिन्ह वा पार्टीको आह्वानको भरमा मतदान गर्न मतदाता तयार हुने गरेका विगतका अनगिन्ती उदाहरण छन्। तर, यसपटक मतदानका दिन केही नभए झैं गरी धेरै मतदाता घरमै काम गरेर बसे वा चौकतिर त्यतिकै बरालिएर समय कटाए।

जानेर वा नजानेर 'नो भोट' को बाटोमा मुलुकका करिब ३०-४० प्रतिशत मतदाता देखिए। हुन त मतदान गरेर जनता शक्तिशाली हुनुपर्ने हो, मतदान नगरेर जित्ने हारे वा नजित्नेले जिते, भविष्यवाणी मिलेन। जनता शक्तिशाली भएको समय हो यो। जनतामा फैलिएको यो निराशाका लागि मुख्यतः राजनीतिक दल, नेताका बोलीबचन र व्यवहार जिम्मेवार छन् भने मुलुकका बौद्धिक वर्ग, कर्मचारीतन्त्र र सञ्चारजगत् पनि त्यतिकै जिम्मेवार छन्। सकारात्मकता र आशाका कुरा गर्दा प्रतिफल पनि त्यस्तै निस्कने हो, तर सबै लागेर नकारात्मकता फैलाउने काम भयो र जनतामा चरम निराशा, आक्रोश र अविश्वास सृजना भयो।

यो चुनावको अर्को विशेषता भनेको दल र दलका नेतृत्वप्रति जनता आक्रोशित भए र ध्वंशात्मक आलोचनाको तहमा उत्रेको देखियो। नेताबाट केही भएन र भविष्यमा पनि केही हुन्न भन्ने सङ्कथन स्थापित भयो। बहुदलीय व्यवस्था आएपछिकै नेता लगातार २०४८ सालदेखि यसपटकसम्म चुनाव लड्नुले जनतामा आक्रोश जन्मियो। नेताहरू र दलहरूप्रति नकारात्मक भावको विकास गर्न कुनै अँध्यारो कुनाबाट प्रयत्न भइरहेको आशंका गर्छन्, तर दलहरूले आफ्ना नीति, कार्यक्रम, प्रणाली, पद्धति र व्यवहार समीक्षा गर्न आवश्यक भइसकेको सच्चाइलाई बुझ्न जरुरी छ। दलहरूको भूमिका माथि नागरिकहरू सन्तुष्ट नभएको अनुभूति भएको छ। तर, यसको अर्थ गैरदलीय व्यवस्थाको पुनरावृत्ति सम्भव छैन।

यो चुनावमा पार्टी विचारधारा बिना पनि हुन्छ भन्ने मान्यता स्थापित गर्न प्रयत्न भयो। विचारधाराको राजनीति सकिएको हो भनी व्यापक बुझाइ विकास भइरहेको छ, तर वास्तवमा विचारविहीन दल र व्यक्ति हुँदैन। युवाहरूमा राजनीतिप्रति अविश्वास, अनास्था र मोहभङ्ग भएको कुरामा कुनै सत्यता छैन। किनभने विभिन्न प्रकारका स्वतन्त्रहरूको नाममा उम्मेदवारी भएको छ। राननीतिमा विचारधाराको अन्त्य भएको छैन। जनताको दैनिक व्यवहारमा सहयोग गर्ने वा जनताको सेवा गर्ने भन्दै पुराना दल र नेताको आलोचना गर्दै मैदानमा आएका राष्ट्रिय स्वतन्त्र पार्टी, हाम्रो नेपाली पार्टी लगायतका पार्टी पनि कुनै न कुनै दर्शन, विचार र सोचबाट अघि आएका हुन् भने राजनीतिमा विचारधारा हुँदैन भन्नु गलत हो।

आम निर्वाचन-२०७९ को प्रचारप्रसारका क्रममा दलहरू मतदाताको ढोकासम्म गएर मत माग्ने काम गरे, तर यो समग्रमा सहज काम होइन। यो कष्टसाध्य काम हो। मेरो दलिन नटेक्नेलाई म मत दिन्न भन्ने सोच राम्रो होइन। उम्मेदवारको विचार, घोषणापत्रलाई गौण बनाएर घरआँगनमा पाइला टेकेकै भरमा मत दिने काम निश्चय नै राम्रो होइन। मेरो आँगनसम्म चुनावका बेलामा आउन नसक्ने दुःख परेका बेलामा आएर कसरी सहयोग गर्छ भन्दै सर्वसाधारण मतदाता उँचो स्वरमा बोलेको सुनियो। यो जनताको आवाज त हो, तर पछौटेपनको उदाहरण पनि हो र नेताप्रतिको अविश्वास, अनास्था र भरोसाको कमी हो। जनता शक्तिशाली त हुन्छन्, तर जनताको शक्ति कसरी उपयोग भयो भन्ने प्रश्न मूल प्रश्न हो। 'जनता इतिहासका निर्माता हुन्' भनिएकै छ, तर चुनावका बेला जनताको महान् शक्तिलाई प्रभावित गर्न दल तथा उम्मेदवारले अपनाउने हत्कण्डा, रवैया र चलखेलले जनतालाई जुवामा थापिएको जिन्सी जस्तो बनायो र जनतालाई षडयन्त्र, चलखेल, चेस वा क्यारामका गोटीचलाइका सिर्फ प्यादा जस्ता व्यवहार गरे दल तथा उम्मेदवारले।

यस पटकको अर्को सबैभन्दा बढी चर्चापरिचर्चा भएको कुरा स्वतन्त्र उम्मेदवारका बारेमा छ। ठूला दलले



अनुमानसम्म लगाएको, तर विश्वास नगरेको स्वतन्त्र पार्टी र वागी उम्मेदवारले चुनाव जिते। राजनीतिक दलले दिएका उम्मेदवारले विजय हासिल गर्नुलाई स्वभाविक मानिन्छ। तर, राजनीतिक दलको सहयोग नपाएका व्यक्तिहरू पनि ठूलो चुनावी हल्लाखल्लासहित मैदानमा देखिएका थिए र प्रत्यक्षतर्फ लगभग एक दर्जनले चुनाव जितेका छन्। स्वतन्त्र भनिए पनि वा बागी भए पनि तर बुझ्नुपर्ने कुरा के छ भन स्वतन्त्रका नाममा उठेकाहरू पनि राजनीतिक दलकै मानिस हुन्। नेकपा एमाले, नेपाली कांग्रेस, राप्रपा, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी पुराना पार्टी हुन् भने राष्ट्रिय स्वतन्त्र पार्टी, हाम्रो नेपाली पार्टी, नेपाल स्वाभिमान पार्टी लगायतका पार्टी स्वतन्त्रका नामका नयाँ बनेका पार्टी हुन्।

अर्को सत्य कुरा के हो भने वैचारिक रूपमा कोही पनि स्वतन्त्र हुँदैन। तसर्थ, सबाल स्वतन्त्र उम्मेदवारको होइन, चुरो कुरो त दल र उम्मेदवारका मुलुकको रूपान्तरणका लागि लिएका सोच, विचार, कार्ययोजना, कार्यशैली र कार्यक्रमको हो। अहिले भरखरै बनेका वा बनाइएका दलबाट जनतालाई आँखामा 'स्वतन्त्र' भन्नु भनेको जनताको आँखामा छारो हाल्नु र जनतालाई दिग्भ्रमित बनाउनु हो। तर, जे होस् पुराना दल बाहिरका मानिस पनि विजय हासिल गरेर काठमाडौं नयाँ बानेश्वरको संसद् भवन छिर्न तम्तयार भएका छन्। शान्त तलाउमा रहेको पानी जस्तो राजनीतिक दलका विचार, सिद्धान्त, सोच, रणनीति, कार्यनीति, कार्यक्रम, कार्ययोजना र जनतासँग अन्तरघुलन हुने शैली र व्यवहारमा कुनै बदलाव आएन भने मुलुकमा अस्थिरता, विद्रोह र उपद्रव हुने सम्भावना बढेर जान्छ। युगको आवाजलाई बुझेर दलहरूले आफ्ना नीति, कार्यक्रम, प्रणाली, पद्धति र व्यवहार समीक्षा गर्न आवश्यक भइसकेको छ।

दलहरूको भूमिकाबाट नागरिकहरू सन्तुष्ट भएको अनुभूति गरिरहेका छन् कि छैनन् भनी दलहरूले आफ्ना समस्त सङ्कल्प, वाचा, प्रतिबद्धता र घोषणाहरूलाई सिंहावलोकन गर्न अबेर भइसकेको छ। समकालीन नेपालमा विचारधाराको राजनीति सकिएको भनी प्रचार जो गरिँदैछ, यो दलिलमा सत्यता छैन। वास्तवमा केही स्वतन्त्र उम्मेदवारहरूको उम्मेदवारी र उनीहरूको लोकप्रियताले र दलहरू आफूभित्र संरचनागत, वैचारिक र कार्यक्रमिक रूपान्तरण गर्न हिचकिचाहटका कारण आजका समस्या सृजेका हुन्। हाम्रासामु भीमकाय रूपमा उपस्थित अजङ्गको अनुत्तरणीय प्रश्न मुलुकको लोकतन्त्र, गणतन्त्र, राष्ट्रियता र नयाँ संविधान निर्माणमा मुख्य भूमिका खेलेका राजनीतिक दलहरू नेपाली जनमतको भावनालाई सम्मान गर्दै राजनीतिप्रति आमजनतामा सकारात्मक भाव सृजना गर्न सक्छन् कि सक्दैनन् भन्ने हो। आज नेपाली जनमत प्रश्न गरिरहेको छ- के दलहरू राजनीतिले मुलुकको हरेक क्षेत्रको नेतृत्व गर्न सक्छ र मुलुकको अग्रगामी रूपान्तरणका लागि राजनीतिबाट विकर्षित हुन खोजेको र अराजनीतिक चिन्तनधारालाई रोकेर सकारात्मक भावधारा सञ्चार गर्न सक्छन् ? गैरदलीय र स्वतन्त्र उम्मेदवार मुलुकको राजनीतिको विकल्प हुने भनेको दलहरूको रूपान्तरण नहुनु हो।

साँचो कुरा के हो भने राजनीतिक दलको विकल्प राजनीतिक दल नै हुन्। पुराना सोच र क्रियाकलाप अगाल्ने राजनीतिक दलले आफूलाई जनभावना अनुरूप बदल्न आवश्यक छ भनी पार्टीको हकमा नयाँ ढंगले आत्मसमीक्षा गर्न अब समय आएको हो कि होइन भन्ने आजको यक्ष प्रश्न हो। आम मतदाता पार्टीहरूसँग योजनाको कमी भएर अरू विकल्प खोज्न चाहिरहेका छन्। कहिलेकाहीँ उम्मेदवारप्रतिको आकर्षणका कारणले पनि दलइतर मतदान गर्न मानिस लालायित भएका हुन सक्छन्। वास्तवमा आम मानिसले नयाँ विचार प्रवाहमा आफ्नो भविष्य खोजिरहेका छन्। यो आम निर्वाचनको मूल सन्देश भनेको पुराना दलले आफूलाई रूपान्तरण गर्नुपर्छ भन्ने हो।

सबै मतपरिणाम त सार्वजनिक भइसकेको छैन। यतिबेलासम्म प्रष्ट भन्न सकिन्छ- यो निर्वाचनमा महिला, दलित, पिछडिएको वर्ग र अल्पसंख्यकले विजय हासिल कमै मात्र गरेका छन्। राजनीतिक दलले ती वर्गका उम्मेदवार नै कम उठाएका छन् भने मतदाताले पनि उनीरूलाई जिताउने सोच पनि बनाएनन्। प्रत्यक्षतर्फ कम जित्नु भनेको समानुपातिकतर्फ बढी महिला, दलित आदिको प्रतिनिधित्व गराउनैपर्ने हुन्छ। त्यसैले समानुपातिकतर्फ महिलाको बढी प्रतिनिधित्व गराउनुपर्ने भएकाले पुरुषको मौका कम हुने निश्चित भयो। यो समग्र दलका लागि र स्वयम् महिला, दलित, अल्पसंख्यक र पिछडिएको वर्गका लागि पनि सोच्ने विषय हो। किन उम्मेदवारी कम र किन जीत कम ? समावेशिता र समानुपातिकताको भावना माथि नै यसले प्रश्न उठाएको छ। ती वर्ग र तप्कालाई सशक्तीकरण गर्ने मूल आवश्यकता हो दलहरूका लागि। सधैँ हुने जस्तै यो चुनावमा पनि दलका ठूला नेता बहालवाला गृहमन्त्री, पूर्व प्रधानमन्त्री, पूर्व गृहमन्त्री, पूर्व उपप्रधानमन्त्री, पार्टीका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सिद्धान्तका ब्याख्याता धेरै हारेका छन्। जनतको मतद्वारा उनीहरू हारे, तर वास्तवमा चुनावी गोटी चाल्न नजान्दा पनि हारेका हुन्।

यो चुनावले यो संसदीय बहुदलीय व्यवस्थाका कमी-कमजोरीलाई पनि उजागर गरेको छ। अरबौं रकम खर्चेर, मुलुकका सारा जनशक्ति परिचालन गरेर गरेको चुनावले समाधान त दिन सकेन। 'हङ् पार्लियामेन्ट' अर्थात् त्रिशंकु संसदले कसरी निकास देला र ? कुनै दलको बहुमतको त कुरै छोडौं, कुनै दुईवटा दल मिलेर वा तीन वटा दल मिलेर पनि सरकार बन्दैन। छ वटाभन्दा बढी दल मिलेर मात्र सरकार बन्न सक्छ, सरकार बन्नै कठिनाइ छ भने नेपाली संस्कृति सबैलाई ज्ञात नै छ सरकार टिकाउन पनि गाह्रो छ। यसले व्यवस्थाको कमजोरीलाई देखाउँछ। शासकीय स्वरूपको अपुगलाई प्रष्ट देखाउँछ। प्रत्यक्ष कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री भन्ने समाधानको सञ्जीवनी बुटी भनेर जो प्रचारित छ, त्यसले पनि समाधान दिँदैन।

समग्रमा भन्ने हो भने, हरेक दलले आत्मचिन्तन गर्ने र युगीन चेतको आवाजलाई सुन्न जरुरी छ। सर्वसाधारण मानिसको मनोविज्ञान र विचारलाई बेवास्ता गरेकै कारण आजको जस्तो अवस्था आएको हो। यसका लागि राजनीतिक दलका नेतृत्वगण, नीति-निर्माता, संगठक, बुद्धिजीवी र सिंगो सञ्चारजगत सबैले आफ्ना कमी-कमजोरीलाई स्वीकार गर्दै समयको पदचाप सुन्न सक्नुपर्छ। समयको गति समाउन नसकेकामा सबैले अफूलाई सच्याउन जरुरी छ। सिङ्गापुर वा स्वीट्जरल्याण्डको कुरा मात्र गरेर भएन, उनीहरूले कसरी काम गरे भनेर पनि बुझ्नुपर्छ। जापान जस्तो बन्न जापानी जस्तै मेहनत गर्न सक्नुपर्छ। दलका र अन्य उम्मेदवारहरूले जनपक्षीय, यथार्थ र विश्वसनीय वाचा गरिरहेका छन् कि छैनन् भन्ने हो।

दलले सोच्नुपर्ने कुरा भनेको विचार, कार्यक्रम र उम्मेदवारको दृष्टिकोणबाट जनतालाई विकल्पविहीन बनाउनु हुँदैन। राजनीति षडयन्त्र, जालझेल र कपटबाट चल्छ र सानो कुलीन वर्गले सारा मुलुकको बागडोर चलाउनुपर्छ भन्ने सामन्ती, मध्ययुगीन, जनविरोधी सोच अहिले पनि दलहरूमा रहेका कारण नै यी यावत समस्या आएका हुन्। जनताका विचारलाई पार्टीका नीति, कार्यक्रम र कार्ययोजनाले छुन सकेमा मात्र विश्वास आर्जन गर्न सकिन्छ। गत आमनिर्वाचन दल, दलका नेता, सिद्धान्तकार, विचारक, संगठक, सल्लाहकार, सञ्चारकर्मी, मतदाता, नागरिक, चुनावका रणनीतिकार सबैका लागि शिक्षा दिएर गएको छ- आफूलाई बदल, मुलुकलाई सकारात्मक परिवर्तन चाहिएको छ।

*tirthakharel2028@gmail.com*



# चिया : दूधको कि कागतीको ?

दूध चिया र कालो (कागती) चियामा प्रमुख भिन्नता दूधको प्रयोग हुनु र नहुनु हो। दूध चियामा चियापत्तिको प्रयोग बढी गर्नुपर्ने हुन्छ, हानिकारक हुन सक्छ। जति धेरै दूध चियाको प्रयोग गरिन्छ, त्यति नै धेरै दूधको प्रयोग हुन पुग्छ। फलस्वरुप अनावश्यक क्यालोरीको प्राप्ति भएर मोटोपना हुन सक्छ। चियाले मधुमेह रोगीमा सुगरको नियन्त्रण बिग्रिन सक्छ। तर त्यो भन्दा पनि नराम्रो पक्ष कोलेस्ट्रोलसँग सम्बन्धित हो।

दूधमा हुने कोलेस्ट्रोलले रगतमा यसको मात्रा बढाएर शरीरलाई हानी गर्न सक्छ। यसको अर्थ दूध चिया स्वास्थ्यको लागि नराम्रो होइन। यसको बढी प्रयोगले हानी हुन सक्छ।

- अत्यधिक चिया खाए चियापत्तिको बढी प्रयोगले शरीरमा क्याफिनको मात्रा बढी भएर मुटुको चाल सम्बन्धी समस्या देखा पर्न सक्छ।
- दूध नहालेको चिया दूध हालेको भन्दा राम्रो हुन्छ।
- कफीभन्दा चिया नै राम्रो हो, तर चिया पनि कम खानुपर्छ। एक दिनमा तिनदेखि चार कपभन्दा बढी खानु हुँदैन।
- ग्रिन टी सबैभन्दा राम्रो छनोट हुन सक्छ। यसले शरीरको तौल घटाउन मद्दत गर्छ र यसमा भएको एन्टीअक्सिडेन्टले शरीरलाई धेरै फाइदा गर्छ।
- चियापत्तिभन्दा टी ब्यागले बनेको चिया राम्रो हुन्छ। टी ब्यागले बनेको चियामा बढी पोषकतत्व पाइन्छ। चियामा पाइने राम्रो पदार्थहरु चिया पकाउने क्रममा नष्ट हुन्छ। तर, टी ब्यागको चियामा भएको पदार्थहरु नष्ट हुन पाउँदैन।
- दूधे पनि चियामा पाइने एन्टिअक्सिडेन्टलाई नष्ट गर्न सक्छ।

# माघदेखि मदिरा, चुरोट र गुट्खा उद्योगले ई–बिलिङ गर्नुपर्ने



**झापा, मंसीर ११।** आगामी माघदेखि मदिरा, चुरोट, गुट्खा र सुर्ती उद्योगले अनिवार्यरुपमा विद्युतीय बीजक (ई-बिलिङ/कम्प्युटर बिलिङ) जारी गर्नुपर्ने भएको छ ।

आन्तरिक राजश्व विभागले गत बिहीबार एक सूचना जारी गर्दै त्यस्ता उद्योगलाई ई-बिलिङ प्रणालीमा आवद्ध हुन भनेको हो । माघपछि मदिरा, वियर, वाइन, स्प्रिट, चुरोट र गुट्खा उत्पादन गर्ने उद्योगले कारोबारमा अनिवार्यरुपमा ई-बिलिङ गर्नुपर्नेछ । त्यस्तै, गत आर्थिक वर्षमा वार्षिक पाँच करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने सुर्तीजन्य उद्योगमा पनि यस्तो व्यवस्था लागू हुनेछ ।

विभागले विद्युतीय बीजक सम्बन्धी कार्यविधि, २०७४ कार्यान्वयन गरेपछि विभिन्न वस्तुको कारोबारमा ई-बिलिङ अनिवार्य गर्दै आएको छ । कार्यविधि लागू भएसँगै २०७५ सालबाट वार्षिक पाँच करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने होटल, रेस्टुरा तथा चमेनागृह र इन्टरनेट सेवा प्रदायकलाई विद्युतीय बीजक जारी गर्नुपर्ने व्यवस्था लागू भएको थियो । त्यस्तै, वार्षिक १० करोड रुपैयाँभन्दा बढीको कारोबार गर्ने डिपार्टमेन्टल स्टोर, मार्ट र फ्लोरिङ तथा फर्निसिङको कारोबार गर्ने करदातालाई पनि विद्युतीय बीजक अनिवार्य गरिएको थियो ।

विभागले गत साउनयता मूल्य अभिवृद्धि कर (भ्याट) तथा आय विवरण मध्ये कुनै एकको कारोबार वार्षिक १० करोड रुपैयाँभन्दा बढी भएका त्यस्ता जुनसुकै वस्तु तथा सेवाको कारोबार गर्ने करदातालाई ई-बिलिङ प्रणालीमा आवद्ध हुन भनेको थियो । त्यसैगरी, बक्सअफिस प्रणालीमा आबद्ध भएका देशभरका सिनेमा हलमा पनि ई-बिलिङ लागू भइसकेको छ ।

विद्युतीय माध्यमबाट बीजक जारी गर्ने करदाताले विभागमा सूचीकरण गरिएका विद्युतीय उपकरण र सफ्टवेयर मात्र प्रयोग गर्न पाउँछन् । ई-बिलिङ प्रणालीमा आवद्ध भएपछि केन्द्रीय बीजक अनुमगन प्रणाली (सिबिएमएस)मार्फत् करदाताको कारोबारको विवरण विभागले प्राप्त गर्छ र सोही अनुसार कर निर्धारण हुन्छ ।

कर लेखा प्रणालीलाई विश्वसनीय, पारदर्शी र व्यवस्थित बनाउन विद्युतीय बीजक जारी गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको विभागले जनाएको छ । यो व्यवस्था अनिवार्य गरिएका बाहेक अन्य करदाताले पनि स्वेच्छिक रुपमा विद्युतीय बीजक जारी गर्न सक्नेछन् ।

# स्वास्थ्य शिविरमा तीन सयले सेवा लिए

**इलाम, मंसीर ११।** इलामको सूर्योदय नगरपालिका-७ स्थित अम्बोटारमा एकदिने बृहत स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

सूर्योदय नगरपालिका वडा ७ र रोङ गाउँपालिकाको आयोजनामा एकदिने स्वास्थ्य शिविरको गरिएको हो । रोटरी क्लब अफ बिर्तामोड मिडटाउन र रोट्याक्ट क्लब अफ बिर्तामोडको संयोजन, बिएण्डसी तथा बिर्तामोड आँखा अस्पताल र नेपाल औधषि व्यवसायी संघको प्राविधिक सहयोगमा शिविर गरिएको हो ।

रोङ गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बोको प्रमुख आतिथ्य तथा सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गाप्रसाद बरालको विशेष आतिथ्यमा भएको कार्यक्रममा तीन सयभन्दा बढी सेवा लिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथी स्याङ्बो र विशेष अतिथि बरालले शिविरले स्वास्थ्यको पहुँचमा पुग्न नसकेका नागरिकलाई लाभ पुग्ने धारणा राखेका थिए । बर्षौंदेखि




रोगको पहिचानमा समस्या भोगेका नागरिकले शिविरले फाईदा पुगेको भन्दै खुशी व्यक्त गरेका थिए ।

सूर्योदय नगरपालिका ७ का वडाध्यक्ष एलबी राई, पूर्व अध्यक्ष लेखनाथ खड्का, रोटरी क्लब अफ बिरतामोड, मिडटाउनका अध्यक्ष सुमनशर्मा जम्मरकट्टेल लगायतको शुभकामना मन्तब्य राखेका थिए ।

कार्यक्रममा कार्यक्रमका संयोजक जगतशर्मा तिवारी, रोटरी क्लब अफ बिर्तामोड मिडटाउनको बोर्ड मेम्बर गजेन्द्र पौडेल, सिजर राजभण्डारी, नेपाल औषधि व्यवसायी संघ प्रदेश १ उपाध्यक्ष नरेन्द्र बराल, रोट्याक्ट्र क्लब अफ बिर्तामोड मिडटाउन सचिव भीष्म घिमिरे, बोर्ड मेम्बर सन्देश राउत, बिर्तामोड आँखा अस्पतालका नेत्र अधिकृत बिनोद दाहाल, बि एण्ड सी अस्पातालका भोगेन्द्र पराजुली लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।

# विराट ज्योतिर्लिङ्गको सभा



**बिर्तामोड, मंसीर ११।** बिर्तामोड-३ विराटपोखरस्थित विराट ज्योतिर्लिङ्ग समावेशी कीर्तन मण्डली संघको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

मण्डली संघका अध्यक्ष मनप्रसाद उप्रेतीको अध्यक्षता तथा बिर्तामोड नपा-३ का वडाध्यक्ष मदन बुढाथोकीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सचिव गणेश प्रसाईंले स्वागत गरेका थिए ।

कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि वडाध्यक्ष बुढाथोकीले धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल विराटपोखरीको संरक्षण-सम्बर्द्धनमा वडाको ध्यानाकर्षण भएको बताएका छन् । बिर्तामोडलाई चिनाउने र मानवीय स्वास्थ्य एवम् आध्यात्मिक शान्तिका लागि प्रमुख पर्यटकीय स्थलको रुपमा रहेको विराटपोखर क्षेत्र अझ पनि ओझेलमा परिरहेको बताउँदै उनले अब यस क्षेत्रको विकासमा प्राथमिकताका साथ डीपीआर तयार गरि कार्ययोजना अघि बढाइने प्रतिबद्धता जनाएका छन् । उनले शुभकामना दिँदै स्थानीयको सकारात्मक सोच प्रशंसनीय भएको भन्दै सामाजिक विकृति विसंगति हटाई विशुद्ध र समुन्नत सामाजको निर्माणमा कीर्तन मण्डलीको महत्वपूर्ण भूमिका रहने उल्लेख गरे ।

धार्मिक अभियन्ता ध्रुवप्रसाद शिवाकोटीले सामाजिक सद्भाव कायम राख्दै मौलिक संस्कृति, परम्पराको संरक्षणमा सानातिना कीर्तन समूह जस्ता धार्मिक संघ-संस्थाको महत्व रहने भएकाले त्यसै अनुसार काम गर्नुपर्ने बताए ।

संस्थाका सचिव गणेश प्रसाईंले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने सह-कोषाध्यक्ष अर्जुन उप्रेतीले आयव्ययसहित आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सचिव प्रसाईंले गत दशैंको अवसरमा आयोजित दुर्गा पूजाको आयव्यय समेत सार्वजनिक गरेका थिए ।

विवरण अनुसार पूजाका लागि विभिन्न दाताहरुबाट संकलित एक लाख ३५ हजार छ सय ७० रुपैयाँमध्ये एक लाख २५ हजार पाँच सय ५० रुपैयाँ खर्च भई १० हजार एक सय २० रुपैयाँ बचत रहेको छ । २०७५ सालमा स्थापित मण्डलीले नियमित कीर्तनसँगै सामजिक कार्य गर्दै आएको बताइएको छ । सोही अवसरमा संस्थाकी उत्कृष्ट सदस्य लीला राजबंशीलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा धार्मिक सामाजिक व्यक्तित्व ध्रुवप्रसाद शिवाकोटी, मनकामना कीर्तन मण्डलीकी अध्यक्ष नैनकला थापा, लक्ष्मीनारायण कीर्तन मण्डलीका अध्यक्ष मोहन चुडाल, नवदुर्गा कीर्तन मण्डलीकी उपाध्यक्ष कविता गौतम, विराट सरोवर कीर्तन मण्डलीका उपाध्यक्ष युवराज न्यौपाने लगायतले बालेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सह-सचिव चन्द्रप्रसाद भट्टराईले गरेका थिए ।

# बिर्तामोडमा अर्बान स्पेस एजुकेशनको उघाटन



**बिर्तामोड, मंसीर ११।** शैक्षिक पराशर्मको क्षेत्रमा काम गर्ने उद्देश्यले बिर्तामोडमा सञ्चालनमा आएको अर्बान स्पेस एजुकेशनको औपचारिक उद्घाटन गरिएको छ ।

जापानमा १२ वर्षसम्म काम गरेर आफ्नै देशमा केही गर्ने उद्देश्यले नेपाल फर्किएका तुलसी पाठकले शैक्षिक परामर्शको क्षेत्रमा काम गर्नका लागि कन्सल्टेन्सी सञ्चालनमा ल्याएका हुन् ।

जापान र कोरिया जान चाहने विद्यार्थी तथा कामदारलाई मध्यनजर गर्दै कन्सल्टेन्सी सञ्चालन गरिएको पाठकले जानकारी दिए । बिर्तामोड-४ मा कार्यालय रहेको अर्बान स्पेस एजुकेशनमा सिमित विद्यार्थीलाई भाषा प्रशिक्षण प्रदान गरिने बताइएको छ ।

अनुभवी शिक्षकमार्फत शैक्षिक परामर्श प्रदान लगरिने बताइएको छ । विदेश तथा स्वदेशका विभिन्न कन्सल्टेन्सीमा भाषा प्रशिक्षकको रुपमा रहेका प्रशिक्षकहरुले विद्यार्थी शैक्षिक परामर्श दिइने बताइएको छ ।

अर्बान स्पेस एजुकेशन कन्सल्टेन्सीमा कामदारको रुपमा जापान जान चहानेहरुलाई पनि भाषा प्रशिक्षणका साथै र्वकिङ भिषा(एसएसडब्लू) तयारी कक्षा सञ्चालन भइरहेको सञ्चालक पाठकले जानकारी दिए । थोरै विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले शैक्षिक परामर्श सञ्चालनमा ल्याइएको जनाइएको छ ।

# मन्टेश्वरीका विद्यार्थीको खेलकुद प्रतियोगिता

**बिर्तामोड, मंसीर ११।** मन्टेश्वरी एशोसिएसन अफ झापाले बिर्तामोडमा जिल्लास्तरीय खेलकुद प्रतियोगिता सम्पन्न गरेको छ ।

१० वटा विद्यालयका विद्यार्थीको सहभागितामा बिर्तामोडस्थित फुटसलमा प्रतियोगिता आयोजना गरिएको मन्टेस्वरी एशोसिएसन अफ झापाका सचिव अमर सुब्बाले जाकारी दिए ।

शिक्षासेवी तथा पूर्व शिक्षक भक्तिप्रसाद मैनालीको प्रमुख आतिथ्य तथा मन्टेश्वरी एशोसिएसन अफ झापाका अध्यक्ष रामकुमार तामाङको अध्यक्षतामा भएको कार्यक्रममा फ्रग जम, रिले रेस, स्पोन रेस, म्याथ रेस, वुक व्यालेन्सिङ, वेलोन व्यालेन्सिङ, हन्ड्रेट मिटर रेस, स्वीट रेस जस्ता खेल खेलाइएको थियो ।

पूर्व प्राथमिक तथा प्राथमिक तहका विद्यार्थीलाई छुट्टाछुट्टै प्रतियोगिताको आयोजना गर्दै खेल खेलाइएको थियो । प्रतियोगितामा होलिकिड्स, हाम्रो पाठशाला, स्मार्टर्स मन्टेश्वरी, क्टि्स जोन, ह्याप्पी किड्स, ह्याप्पी किड्स स्मार्ट, मारियाा मन्टेश्वरी, पाथीभरा चाल्र्ड केयर, विद्या विकास, बालसंसार विद्यालयले भाग लिएका थिए ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## कर्मचारी आवश्यकता

कार्यालय सञ्चालन र विस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला ।
पद : PRO
संख्या : ८ जना
तलब : १५,१००/–
समय : ११:०० देखि ५:०० बजेसम्म
योग्यता : +२ पास सो सरह ।
सम्पर्क :
ग्रेट फ्युचर मार्ट
बिर्तामोड–४, झापा, भद्रपुर बस स्टेण्ड
फोन नं. : ९८१४३९७३४०, ९८४२४४७१६०

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## बिमालेख हरायो

बिर्तामोडबाट शनिश्चरे जाने क्रममा यही मिति २०७९/०७/०३ गते मेरो निम्न व्यहोराको मेट लाइफ कम्पनी जीवन बीमाको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** :- राजन चौधरी
**ठेगाना** :- अर्जुनधारा–१०, झापा
**बीमालेख नं.**:- M९१४६
**कम्पनी नाम** : मेट लाइफ कम्पनी जीवन बीमा ।


## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड–५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।




## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही मंसीर १७ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदैहुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
– ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको
– शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
– प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८५२६७५०३३, ९८४०३२६६२)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुर्‍याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, आज अलिक सतर्क रहनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, आज तपाईको मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्, मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।